आज मिति २०८२ कार्तिक २५ गते मंगलबारका दिन यस लिखु पिके गाउँपालिकाका अध्यक्ष श्री मिना कार्की (बस्नेत) को अध्यक्षतामा तपशील बमोजिमको कार्यपालिका सदस्यको उपस्थितिमा चालू आ.व. २०८२/०८३ को छैठौं गाउँ कार्यपालिकाको बैठक बसि निम्नानुसारको निर्णय गरियो:

## उपस्थिति:

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मिना कार्की बस्नेत | अध्यक्ष | |
| २ | श्री ङवाङ ल्हाक्पा शेर्पा | उपाध्यक्ष | |
| ३ | श्री मिङ्मार गेल्जे शेर्पा | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री मणिराज बस्नेत | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री ध्रुव बहादुर बस्नेत | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हिक्मत बहादुर बस्नेत | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री ङिमाछिरी लामा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री सोममाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ९ | श्री शोभादेवी लामिछाने | कार्यपालिका सदस्य | |
| १० | श्री सविता वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चित्रमाया बराईली | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमार वि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री मान बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १४ | श्री अग्नी प्रसाद पराजुली | सचिव | |
| १५ | श्री गोविन्द बस्नेत | स.क.अ. | |

CamScanner

प्रस्तावहरू:

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा।

२. नागरिक आरोग्य सेवा केन्द्र स्थापना र संचालन तथा अभियान संचालन सम्बन्धमा।

३. प्राकृतिक स्रोत/बिक्री वितरण तथा संकलन शुल्क कायम गर्ने सम्बन्धमा।

४. आ.व. २०८१/०८२ को स्वीकृत योजना तथा कार्यक्रम सम्झौता/संचालन सम्बन्धमा।

५. महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम सम्बन्धमा।

६. भुक्तानी सम्बन्धमा।

७. सिरु खोला नामको सडक स्तरोन्नति वडा नं. ३ देखि ९ सम्म जोड्ने बन्दोबस्त सम्बन्धमा

८. एक्साभेटर लोडरको भाडा दर सम्बन्धमा।

९. प्रशासनिक भवनको मोबिलाइजेशन सम्बन्धमा।

१०. शिक्षा समिति पुनर्गठन सम्बन्धमा।

**निर्णयहरु:**

१. प्रस्ताव नम्बर १ उपर छलफल गर्दा मिति २०८२ आश्विन ३० गते बसेको पाँचौं कार्यपालिका बैठकमार्फत भएका निर्णयहरु के कति कार्यान्वयन भए र के कति भएनन् ? नहुनुका कारण के के हुन भनेर व्यापक छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नम्बर २ उपर छलफल गर्दा नागरिक आरोग्य सेवा केन्द्र स्थापना र संचालन तथा अभियान संचालन गर्नका लागि संघिय सशर्त कार्यक्रम अन्तर्गत यस लिखु पिके गाउँपालिकामा प्राप्त भएको बजेट कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका अन्तर्गत चालु आ.व. २०८२/०८३ का स्वीकृत योजना तथा कार्यक्रमहरु संचालन गर्दा ठेक्का र उपभोक्ता समिति मार्फत संचालित योजनाहरुमा प्रयोग हुने प्राकृतिक स्रोत (ढुंगा, गिट्टी, बालुवा, ग्रावेल, माटो, रोडा ढुंगा लगायत) प्रयोग गरेबापत कोशी प्रदेश, प्रदेश आर्थिक ऐन, २०८२ को अनुसुची ६ बुदा नम्बर ४ र ५ मा उल्लेख भएबमोजिम हुने गरि प्राकृतिक स्रोतको संकलन तथा बिक्री शुल्क कायम गर्ने र व्यक्तिगत जग्गाबाट प्राकृतिक स्रोत उत्खनन गरि बिक्रि वितरण गर्न चाहने व्यक्तिहरुको लागि अनुमतिको लागि सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नम्बर ३ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका अन्तर्गत चालु आ.व. २०८२/०८३ का स्वीकृत योजना तथा कार्यक्रमहरु संचालन गर्न प्रत्येक वडा कार्यालयहरु मार्फत संचालन हुने योजनाहरुको कम्तिमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र प्रत्येक वडा कार्यालयमा नै गई योजना सम्झौता गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा महिला लक्षित उपाध्यक्ष रोजगार कार्यक्रम अनतर्गत वडा कार्यालयहरुबाट छनौट भई आएका तपशिल बमोजिमका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | योजनाको विवरण | योजना संचालन हुने वडा | कैफियत |
|---|---|---|---|
| १ | यर्माखु रासिन्दु सडक सोलिङ | वडा नं. १ | |
| २ | यर्माखु थातिङ सडक सोलिङ | वडा नं. १ | |
| ३ | पोखरी, लाकुरा, गैराबारी, भोटेबारी हुदै चोक्टीबारी सम्म गोरेटो बाटो सोलिङ तथा सिढि निर्माण | वडा नं. २ | |
| ४ | गा.पा. बौद्व हुँदै जोगिडाँडा गोरेटो बाटो निर्माण | वडा नं. ३ | |
| ५ | ज्ञानेन्द्र मोड हुँदै बाहुन मोड गोरेटो बाटो निर्माण र ज्ञानेन्द्र मोड हुँदै आइतबारेसम्मको गोरेटो बाटो निर्माण | वडा नं. ३ | |
| ६ | कुडार खाम्दिङ गोरेटो बाटो सोलिङ तथा सिढि निर्माण | वडा नं. ४ | |
| ७ | भकान्जे नयाँ गुम्बा सेटे सडक सोलिङ | वडा नं. ५ | |

६. प्रस्ताव नम्बर ६ उपर छलफल गर्दा आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम लिखु खोला लाममाने सडक स्तरोन्नती कार्यको ठेक्का व्यवस्था गरि श्री बि.पि. कन्स्ट्रक्सन एण्ड सप्लायर्स सँग १,१०,२३,३१७।- (एक करोड दश लाख तेइस हजार तीन सय सत्र) सम्झौता भई समयावधी निर्माण सम्पन्न गर्न नसकि पुन कार्यपालिका बैठकको निर्णय बमोजिम २०८२ कार्तिक मसान्तसम्मका लागि म्याद थप गरिएको र हाल उक्त निर्माण कार्य सम्पन्न गरि निर्माण व्यवसायिले अन्तिम भुक्तानीका लागि निवेदन पेश गरेको हुँदा उक्त निर्माण व्यवसायिले कार्यालयको गराएको फिल्डको आवश्यकताको आधारमा निज सँग सम्झौता भएको BOQ भन्दा केहि Items को परिमाण घटिबढि भएतापनि सम्झौता रकमको परिधिमा रहि निर्माण कार्य सम्पन्न गरेको हुँदा निजलाई प्राविधिक मुल्याङ्कन तथा बिल भर्पाईको आधारमा भुक्तानी दिने निर्णय गरियो।

७. प्रस्ताव नम्बर ७ उपर छलफल गर्दा आ.व. २०८२/०८३ मा संघिय सरकारबाट हस्तान्तरण ( समपुरक अनुदान कार्यक्रम) लिखु खोला देखि लाम-माने सडक स्तरोन्नती वडा नं. ३ देखि १ सम्म आयोजनाको लागि संघिय सरकारबाट रु.१,८०,००,०००।-(एक करोड असि लाख) रकम विनियोजन भएको साथै संघिय समपुरक अनुदान सम्बन्धि कार्यविधि २०८१ ,अनुसार स्थानीय तहले व्यहोर्नु पर्ने रकम सहित लगभग रु. २,५०,००,०००।- (दुई करोड पचास लाख) सम्मको ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो।

८. प्रस्ताव नम्बर ८ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिकाले आ.व. २०८२/०८३ का लागि भारि वर्षा र बाढिको कारण क्षतिग्रस्त भई आवतजावत गर्नका लागि कठिनाई हुने सडक मर्मत तथा सरसफाई गर्नका लागि ब्याक हो-लोडर ठेक्का मार्फत जिरी निर्माण सेवा सँग असोज मसान्तसम्मका लागि सम्झौता भई ब्याक हो-लोडर भाडामा लिई काम गरिरहेतापनि हालसम्म पनि सरसफाईको काम नसकिएको हुँदा गाउँपालिकाको आवश्यकता अनुसार मिति २०८२ पौष मसान्तसम्मका लागि पुन म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो।

९. प्रस्ताव नम्बर ९ उपर छलफल गर्दा आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार लिखु पिके गाउँपालिकाको प्रशासनीक भवन निर्माणका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ ले व्यवस्था गरे बमोजिम सम्पुर्ण खरिद प्रकृया पुरा गरि २०८२ आश्विन २८ गते रामेछाप-जिरी जे.भि. सँग २०८४ असार ३० गते सम्पन्न हुने गरि रकम रु. ८,३२,४६,५८९।- ( आठ करोड बत्तीस लाख छयालिस हजार पाँच सय उन्ननब्बे)( मु.अ.कर तथा पि.एस. सहित) मा ठेक्का सम्झौता भएको र सार्वजनिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली २०६४ मा व्यवस्था भएबमोजिम पहिलो मोबिलाइजेशन बापत सम्झौता रकमको १०% (दश प्रतिशत) दिने व्यवस्था रहेको हुनाले निज निर्माण व्यवसायिले पेश गरेको आवश्यक कागजातका आधारमा रकम रु. ७२,७५,०००।- (बहत्तर लाख पचहत्तर हजार) पहिलो मोबिलाइजेशन बापत दिने निर्णय गरियो।

CamScanner

१०. प्रस्ताव नम्बर ४ उपर छलफल गर्दा यस लिखु पिके गाउँपालिका शिक्षा ऐन-२०७६(तेस्रो संशोधन २०८२) को दफा ८ बमोजिम हुने गरि गाउँपालिका शिक्षा समितिमार्फत पुनर्गठन सिफारिस भैआएको तपसिल बमोजिमका पदाधिकारीहरु रहने गरी गाउँ शिक्षा समिति पुनर्गठन गर्ने निर्णय लिइयो ।

**तपशिल:**

| | | |
|---|---|---|
| १.श्री मीना कार्की बस्नेत | गा.पा. अध्यक्ष | अध्यक्ष |
| २. श्री ङ्वाङ ल्हाक्पा शेर्पा | गा.पा.उपाध्यक्ष | सदस्य |
| ३. श्री अग्नी प्रसाद पराजुली | प्र.प्र.अ. | सदस्य |
| ४. श्री हिक्मत बहादुर बस्नेत | का.पा.सदस्य | सदस्य |
| ५. श्री सोभादेवी लामिछाने | का.पा.सदस्य | सदस्य |
| ६.श्री डिमा छिरी लामा | बि.व्य.स. अध्यक्ष | सदस्य |
| ७. श्री मणि राज बस्नेत | सामाजिक विकास समिति | सदस्य |
| ८. श्री मान बहादुर खड्का | गा.पा. शिक्षक महासंघ | सदस्य |
| ९. श्री ल्हाक्पा शेर्पा | प्रधानाध्यापक | सदस्य |
| १०. श्री रेनु बस्नेत | शिक्षक | सदस्य |
| ११. श्री नबराज बस्नेत | समाजसेवी/चन्दादाता | सदस्य |
| १२. श्री विष्णु कुमारी भुजेल | समाजसेवी/चन्दादाता | सदस्य |
| १३. श्री बिष्णु बरुवाल | शिक्षा शाखा | सदस्य सचिव |